# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

**प्रेश विज्ञप्ति : मिती २०७२।११।१९ गते**

**आरोपपत्र दायर गरिएको (गा.वि.स.सचिव द्वारा सरकारी रकम हिनामिना) ।**

----------------------------------------------------------------------------------

सर्लाही जिल्ला स्थित बरहथवा गा.वि.स.का तत्कालिन गा.वि.स.सचिव राधाकृष्ण चौधरीले विभिन्न आर्थिक वर्षहरुमा नेपाल सरकारबाट गा.वि.स.को लागी निकासा भएको रकम बदनियतपूर्वक हानि नोक्सानी एवं दुरुपयोग गरी गराई आफूलाई गैह्रकानुनी लाभ तथा नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निज उपर बिगो रु. ४४,६२,२००।- (अक्षरुपी चवालीस लाख बैसठ्ठी हजार दुई सय मात्र ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) र ३(१)(छ) बमोजिम कैद सजाय र जरिवाना हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ ।